# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, वैशाख २४ गते २०५७ साल (अतिरिक्ताङ्क ५ (ख+१)

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गोरखापत्रको प्रकाशन १०० वर्ष पुगेको उपलक्ष्यमा देहाय बमोजिमको डिजाईन, नाप र तौल भएको मुद्रा निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरेको छ ।

अग्र भागः वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शङ्ख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५७ रही स्वस्तीक चिह्नभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिह्न रहनेछ ।

पृष्ठ भागः वरिपरि ६४ थोप्लाभित्र सबभन्दा माथि अर्ध गोलाकार रुपमा गोरखापत्रको सयवर्ष, बीचमा १० जना मानिसले पत्रिका पढिरहेको आशय बुझाउने घेरा, त्यसको बीचमा नेपालीमा सर्वे भवन्तु सुखिन, त्यसको तल गोर्खापत्र र त्यसभन्दा तल १९५८–२०५७ उल्लेख भै सबभन्दा तल नेपालीमा नेपाल १ रुपैयां उल्लेख रहनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्पेशिफिकेशन

| | |
|---|---|
| दर | रु. १।– |
| तौल | ४ ग्राम |
| व्यास | २० मि. मि. |
| धातु | कपर ८९ प्रतिशत, आल्मुनियम ५ प्रतिशत जींक ५ प्रतिशत र टीन १ प्रतिशत |
| सिरेशन | धर्सो नभएको |
| स्तर | साधारण |
| रङ्ग | पहेंलो |
| अधिकतम निष्काशन थान | १६,००,००० थान |

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

22